**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०७ अप्रेल २०२४

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. उप-राष्ट्रपति जगदीप धनखड़ले आज को विद्यार्थी अनि युवानै भारतको भविष्य रहेको बताउनु हुँदै विद्यार्थीहरुसित भारतको विकास-गाथामा नया अध्याय लेख्नका लागि आफ्नो कौशल अनि प्रतिभाको उपयोग गर्ने अपिल गर्नु भएको छ।

२. निर्वाचन आयोगले आगामी चुनाउहरुमा युवा अनि शहरी मतदाताहरुको भागीदारी बढ़ाउनका लागि सोशल मीडियामा धेरै पहल अनि अभियानहरुको शुरुआत गरेको छ।

३. प्रधानमंत्री अनि भारतीय जनता पार्टीको वरिष्ठ नेता नरेन्द्र मोदीले केंद्र सरकार उत्तर बंगालको विकास प्रति वचनबद्ध रहेको बताउनु भएको छ।

४. राज्यको मुख्य मंत्री ममता बैनर्जीले आज पुरुलियामा एउटा जनसभालाई सम्बोधन गर्नुहुँदै तृणमूल कंग्रेस पश्चिम बंगालको जनताको विकासको लागि प्रतिबद्ध रहेको बताउनु भएको छ।

५. कांग्रेसले आज पश्चिम बंगालबाट लोकसभा चुनावको लागि तीन उम्मीदवारहरुको सूची जारी गरेको छ।

६. आज विश्व स्वास्थ्य दिवस हो।

**उपराष्ट्रपति**

उप-राष्ट्रपति जगदीप धनखड़ले युवा पेशावरहरुसित २०४७ सम्ममा विकसित भारत बनाउने प्रयासमा सहभागी बन्ने अपील गर्नुभएको छ। आज बिहारको बोधगयामा, भारतीय प्रबंधन संस्थानको छैठौ दीक्षांत समारोहमा उहाँले भन्नुभयो कि आज को विद्यार्थी अनि युवानै भारतको भविष्य हो। श्री धनखड़ले विद्यार्थीहरुसित भारतको विकास-गाथामा नया अध्याय लेख्नका लागि आफ्नो कौशल अनि प्रतिभाको उपयोग गर्ने अपिल गर्नु भएको छ। यस अघि उप-राष्ट्रपतिले दीक्षान्त समारोहमा एम.बी.ए-का विद्यार्थीहरुलाई डिग्री प्रदान गर्नुभयो। यस अवसरमा बिहारको राज्यपाल राजेन्द्र विश्वनाथ आर्लेकर, भारतीय प्रबंधन संस्थान- बोधगयाको अध्यक्ष उदय कोटक अनि निदेशक विनीता सहाय पनि उपस्थित थिए।

****** ० ******

**निर्वाचन आयोग-सोशल मीडिया**

निर्वाचन आयोगले आगामी चुनाउहरुमा युवा अनि शहरी मतदाताहरुको भागीदारी बढ़ाउनका लागि सोशल मीडियामा धेरै पहल अनि अभियानहरुको शुरुआत गरेको छ। आयोगले मतदाताहरुसम्म आफ्नो सन्देश पुरयाउनका लागि टर्निंग-१८ अनि यू आर द वन अभियानहरुको माध्यमबाट आकर्षक विषयहरु, लोकप्रिय आइकन अनि जेनजेड सामग्रीको उपयोग गरिरहेको छ। टर्निंग-१८ अभियानको मुख्य उद्देश्य आगामी चुनावमा युवा मतदाताहरुलाई आकर्षित गर्न हो। यसको उद्देश्य विगतका चुनावहरुमा शहरी अनि युवा मतदाताहरुको उदासीनताको मुद्दाहरुको समाधान गर्न पनि हो। यू आर द वन अभियानको उद्देश्य चुनावी प्रक्रियामा शामेल विभिन्न हितधारकहरुको अमूल्य योगदानलाई स्वीकृति देन हो।

****** ० ******

**प्रधानमंत्री कोलकाता**

प्रधानमंत्री अनि भारतीय जनता पार्टीको वरिष्ठ नेता नरेन्द्र मोदीले केन्द्र सरकार उत्तर बंगालको विकास प्रति वचनबद्ध रहेको बताउनु भएको छ। श्री मोदीले पश्चिम बंगालमा जलपाईगुडीको धूपगुडी ब्लकमा, झूमुरको एउटा जनसभालाई सम्बोधन गर्दै भन्नुभयो राज्यको वर्तमान सरकारले धेरै कल्याणकारी योजनालाई क्रार्यान्वित नगरेको कारण यस क्षेत्रका मानिसहरु विकासदेखि वंचित रहेका छन्। देशको नेतृत्व गर्नका लागि इंडी गठबंधनसित कुनै दृष्टिकोण नरहेको प्रधान मंत्रीले बताउनु भयो। उहाँले भन्नुभयो कि उत्तर बंगालमा पर्यटकहरु अनि निवेशलाई आकर्षित गर्नका लागि जी-२० को बैठक

आयोजित गरिएको थियो। उहाँले राज्यमा भाजपाको सरकार बने निवेशमा वृद्धि हुने कुरो पनि बताउनुभयो। प्रधानमंत्रीले गत आइतवार जलपाईगुडीको बार्निशमा आएको तूफानमा ज्यान गुमाउनेहरु प्रति दुख व्यक्त पनि गर्नुभयो। जनसभालाई सम्बोधित गर्नुहुदै प्रधानमंत्री नरेन्द्र मोदीले मुख्यमंत्री ममता ब्यानर्जी अनि सत्तारूढ़ तृणमूल कांग्रेस माथि तिखो हमला गर्नुभयो। लगभग ३० मिनटको आफ्नो सम्बोधनमा उहाले सत्तारूढ़ तृणमूललाई कानून अनि संविधानलाई अपमान गर्ने पार्टी बताउनुभयो।

****** ० ******

**सीडीएस-सम्मेलन**

सेनाको तिनै अंगहरुको एक दिने संयुक्त सम्मेलन- परिवर्तन चिंतन भोलि नयाँ दिल्लीमा हुनेछ। सम्मेलनको उद्देश्य नयाँ बिचारहरु, नयाँ पहलहरु अनि सुधारहरु माथि जोर दिनु हो ताकि तिनै अंगहरु बीच तालमेललाई अझ असल बनाउन सकियोस। सम्मेलनको अध्यक्षता रक्षा प्रमुख जनरल अनिल चौहानले गर्नुहुनेछ। यो सेनाको तिनै अंगहरुका प्रमुखहरु, सैन्य कार्य विभाग अनि इंटीग्रेटिड डिफेंस स्टाफका मुख्यालयहरुको पहिलो संयुक्त सम्मेलन हुनेछ।

****** ० ******

**सी.एम ममता**

मुख्यमन्त्री ममता ब्यानर्जीले आफनो पार्टीका नेता एवं कार्यकर्ताहरूलाई रामनवमीको दिन शान्ति मार्च आयोजना गर्ने सल्लाह दिनुभएको छ। आज पुरूलिया जिल्लाको हुडा क्षेत्रमा तृणमूल कंग्रेस उम्मेद्वार शान्तिराम महतोको समर्थनमा रयाली कार्यक्रममा उहाँले आशंका व्यक्त गर्दै भन्नुभयो रामनवमीको दिन केही असामाजिक तत्वले राज्यमा अशान्ति फैलाउन सक्नेछ। उहाँले नेताहरूलाई चेतावनी दिदँ भन्नुभयो कि कुनै प्रकारको दबावमा आएर शान्ति भंग नहोस अनि शान्ति कायम राख्न पर्नेछ। उल्लेखनीय छ, तृणमूल सुप्रिमो ममता ब्यानर्जीले आफनो प्रचार अभियानमा पार्टी उम्मेद्वारहरूको समर्थनमा जिल्लामा जनसभा गरिरहनु भएको छ। उत्तर बंगालमा चुनाव प्रचार पछि उहाँ आज जंगल महल क्षेत्र पुरुलियामा चुनावको प्रचार शुरू गर्नुभएको छ। सुश्री ब्यानर्जी तृणमूल कंग्रेस पश्चिम बंगालको जनताको विकासको लागि प्रतिबद्ध रहेको बताउनु भएको छ।

****** ० ******

**एन.आई.ए**

राष्टीय जाच एजेन्सी, एन.आइ.ए-ले हिज पश्चिम बंगालका भूपतिनगर विष्फोट मामिलामा दुइ आरोपीहरूलाई पक्राउ गरेपछि तिनीहरूमाथि थोपिएको गैरकानूनी कार्यहरूको आरोपको खण्डन गरेको छ। एजेन्सीले आज एक बयानमा भनेको छ, जघन्य अपराधको जाचको एक भाग रहेको यस कार्यवाही कानूनी रूपमा आवश्यक रहेको थियो। बयानमा अझ भनिएको छ, यो मामिला कच्चा बमको निर्माणसित सम्बन्धित रहेको छ जसमा दिसम्बर २०२२ मा नरू आबमला गाउमा तीन व्यक्तिहरूको मृत्यु भएको थियो।

****** ० ******

**कंग्रेस-पश्चिम बंगाल**

कांग्रेसले आज पश्चिम बंगालबाट लोकसभा चुनावको लागि तीन उम्मीदवारहरुको सूची जारी गरेको छ। पार्टीले पश्चिम बंगालमा बनगांव देखि प्रदीप बिस्वास, उलूबेरिया देखि अजहर मल्लिक अनि घाटालदेखि डक्टर पापिया चक्रवर्तीलाई उम्मेद्वार बनाएको छ। भगवानगोला विधानसभा क्षेत्रको उप-चुनावमा अंजू बेगम कांग्रेसको उम्मेद्वार हुनेछन्।

****** ० ******

**माटीगाड़ा-ब्राउन शुगर**

मतिगड़ा थाना पुलिस अनि विशेष अभियान दल (एसओजी) ले संयुक्त अभियान चलाएर लाखौ रुपियाँको ब्राउन शुगरको साथ एक आरोपितलाई गिरफ्तार गरेको छ। गिरफ्तार आरोपित दालखोलाको निवासी रहेको बताइएको छ। पुलिस सुत्र अनुसार, हिज अबेर राती गुप्त सूचनाको आधारमा माटीगाड़ा थाना अंतर्गत फांसीदेवा अंडरपासमा अभियान चलाएर

आरोपितलाई ४ सय उन्नात्तर (६६) ग्राम ब्राउन शुगर सहित गिरफ्तार गरिएको हो। जफ्त ब्राउन शुगर को अनुमानित बाजार मूल्य लाखौ रिपयाँ रहेको बताइएको छ। मालदादेखि ब्राउन शुगर तस्करी गरी फांसीदेवा ल्याइएको सोधपूछको अवधि आरोपितले बताएको छ। माटीगाड़ा थाना पुलिस अघिको कार्यवाहीमा जुटेको छ।

****** ० ******

## मुनीश तमांग- प्रचार

दार्जिलिंग लोकसभा क्षेत्रका वाम मोर्चा-कांग्रेस गठबंधनका के प्रत्याशी मुनीश तमांगले आज खोरीबाड़ी महकमामा चुनाव प्रचार गरे। प्रचार पूर्व मुनीश तमांगले खोरीबाड़ी स्थित कांग्रेस अनि माकपा पार्टी कार्यालयमा बैठक गरे। त्येसपछि उहाले नेताहरु अनि कार्यकर्ताहरु सित खोरीबाड़ी बाजारमा जनसंपर्क अभियान गरे। उहाँसित जिला कांग्रेस अध्यक्ष शंकर मालाकार साथै अन्य नेताहरु पनि उपस्थित थिए। यस अवधि कांग्रेसले पहाड़ अनि समतल क्षेत्रका मांगहरु पूरा गर्ने दिशामा काम गर्ने उहाले बताउनुभयो।

****** ० ******

## चुनाव प्रचार

दार्जिलिंग जिला तृणमूल कांग्रेसका प्रत्याशी गोपाल लामाले पनि सिलीगडीमा आज चुनाव प्रचार गरे। प्रचार अभियान पूर्व दार्जिलिंग जिला तृणमूल कांग्रेस अध्यक्ष पापिया घोषले उहाँसित दुई नंबर वार्डमा स्थित हनुमान मंदिरमा पूजा-अर्चना गरे।त्येस पछि उहाले वार्ड नंबर दुईमा घर-घर गएरचुनाव प्रचार गरे। यस अवधि उहाँसित दार्जिलिंग जिला तृणमूल कांग्रेसका अध्यक्ष पापिया घोष, दार्जिलिंग जिला महिला तृणमूल कांग्रेस अध्यक्ष सुष्मिता बोस मित्र लगायत अन्य नेता अनि कार्यकर्ता उपस्थित थिए।

****** ० ******

## विश्व स्वास्थ्य दिवस

स्वास्थ्य बारे वैश्विक स्तरमा जागरुकता ल्याउनका लागि आज विश्व स्वास्थ्य दिवस मनाइँदैछ। विश्व स्वास्थ्य संगठनले यस वर्षकोलागि विश्व स्वास्थ्य दिवस को विषय- मेरो स्वास्थ्य मेरो अधिकार राखेको छ। यसको उद्देश्य आवश्यक स्वास्थ्य सुविधाहरुको अभावसित जुझिरहेका विश्वका लगभग साढ़े चार अरब मानिसहरुलाई समुचित स्वास्थ्य हेरचाह उपलब्ध गराउनु हो।

****** ० ******

************